यो आकाशवाणी हो

प्रस्तुत छन् प्रमुख समाचार

- प्रधानमन्त्रीको उपस्थितिबीच ओडिशाको भुवनेश्वरमा पुलिस महानिदेशक र महानिरीक्षकहरूको सम्मेलन सम्पन्न
- वित्त मन्त्रीद्वारा झांझरपुरमा लाभार्थीहरूलाई ऋणको स्वीकृति पत्र हस्तान्तरण
- बंगाल खाड़ीको दक्षिण-पश्चिमस्थित चक्रवात फेङ्गल उत्तर-पश्चिम दिशा तर्फ बढ़्दै
- रक्षा मन्त्रालय र कोचीन शिपयार्ड लिमिटेडबीच समझौतामा हस्ताक्षर अनि
- उपराष्ट्रपतिले भन्नुभएको छ, विकसित भारत अब सपना नभएर चुनौतीपूर्ण लक्ष्य हो

समाचार विस्तारमा

- **PM**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले ओडिशाको भुवनेश्वरमा पुलिस महानिदेशक र महानिरीक्षकहरूको अखिल भारतीय सम्मेलनमा भाग लिइरहनु भएको छ। सम्मेलनमा गृह मन्त्री श्री अमित शाह, प्रधानमन्त्रीका प्रधान सचिव श्री PK मिश्रा, राष्ट्रिय सुरक्षा सुल्लाहकार श्री अजित डोभाल, केन्द्रिय गृह सचिव, सबै राज्य र केन्द्रिशासित प्रदेशका पुलिस महानिदेशक तथा सुरक्षा एजेन्सिहरूका प्रमुख उपस्थित छन्।

आन्तरिक सुरक्षा, नयाँ आपराधिक कानून, तटवर्ती सुरक्षा, साइबर अपराध, माओवादको समस्या तथा कृत्रिम बुद्धिमता र ड्रोन जस्ता उदीयमान प्रौद्योगिकीका कारण उत्पन्न चुनौतिहरूबारे सम्मेलनमा चर्चा गरिँदैछ। सम्मेलनमा आतंकवाद रोधी रणनीतिमाथि पनि चर्चा भइरहेछ।

प्रधानमन्त्री तीन दिनको सम्मोलनमा भाग लिन हिजो साँझ भुवनेश्वर पुग्नुभयो। गृह मन्त्री श्री अमित शाहले लोक सेवा भवनको सम्मेलन कक्षमा हिजो यसको उदघाटन गर्नुभएको थियो।

---------------------------------------X---------------------------------------

- **FM Bihar**

केन्द्रिय वित्त मन्त्री श्रीमती निर्मला सीतारामनले बिहारको मधुबनी जिल्लाको झांझरपुरमा एउटा ऋण आउटरीच कार्यक्रमबीच पचास हजारभ्दा अधिक लाभार्थीहरूलाई एक हजार एक सय एक्काइस करोड़ रूपियाँभन्दा अधिकको ऋणको स्वीकृति पत्र हस्तान्तरण गर्नुभयो। श्रीमती सीतारामनले प्रधानमन्त्री स्वनिधि, प्रधानमन्त्री विश्वेकर्मा, मुद्रा, स्टेन्ड अप इण्डिया र किसान क्रेडिट कार्ड योजनाअन्तर्गत विभिन्न लाभार्थीहरूलाई ऋण वितरण गर्नुभयो।

यसअघि उहाँले स्वयं सहायता समूह, विशेषगरी जीविका दीदीका महिला सदस्यहरूसित कुराकानी गर्नुभयो। यी महिलाहरूले हस्तशिल्पन, माटोबाट बनिएका बर्तन, चेउ र अन्य विभिन्न कृषि उत्पादहरूको प्रदर्शन गरेका थिए।

---------------------------------------X---------------------------------------

- **Cyclone**

बंगाल खाड़ीको दक्षिण-पश्चिममा स्थित चक्रवात फेङ्गल पन्द्रदेखि तेह्र किलोमीटर प्रति घण्टाको गतिमा उत्तर-पश्चिम दिशा तर्फ बढ़िरहेछ। यो आज राती पुडुचेरी पुग्ने आशंका छ। यो चक्रवात अहिले चेन्नईदेखि एक सय दश अनि पुडुचेरीबाट एक सय बीस किलोमीटर टाड़ोमा स्थित छ।

आँधिका कारण सड़क, रेल र हवाई यातायात बाधित भएको छ भने पूर्वी तट सड़क र OMR सड़क बन्द गरिएको छ। चेन्नई सेन्ट्रलदेखि तिरुपति जाने रेल सेवालाई आवडीमा अनि कोयम्बटूर, मैसूर र मेङ्गलोर आउने रेलगाडीहरूलाई तिरुवल्लूरमा रोकिएको छ। यसरी नै एघारवटा रेलको समय र प्रस्थान हुने स्थान परिवर्तन गरिएको छ।

यो चक्रवात पुडुचेरी तट नजिक आउनअघि हल्का वर्षा हुनका साथै समुद्रमा भारी छाल उठिरहेछ। राज्यमा अधिकारीहरू पूर्णरूपले सतर्क छन् अनि सबै विभागलाई पूर्णरूपमा तैनात रहनु भनिएको छ। पुडुचेरीका मुख्यामन्त्री श्री S रंगास्वामी, विधानसभा अध्यक्ष श्री R सेल्वीम र जिल्लाधीशले स्थितिको जायजा लिन तटवर्ती र वर्षाबाट प्रभावित क्षेत्रहरूको भ्रमण गर्नुभयो।

---------------------------------------X---------------------------------------

- **Defence INS**

रक्षा मन्त्रालयले आज कोचीन शिपयार्ड लिमिटेडसित एउटा समझौतामा हस्ताक्षर गऱ्यो। यसकाअनुसार एक हजार दुई सय करोड़ रूपियाँभन्दा अधिकको लागतमा INS विक्रमादित्यअको मरम्मजती गरिनेछ। रक्षा मन्त्रालयले भनेको छ, यो परियोजना कोचीन शिपयार्ड लिमिटेडलाई रखरखाउ तथा मरम्मत केन्द्र बनाउने दिशामा एउटा महत्त्वपूर्ण कदम हो। INS विक्रमादित्यमलाई भारतीय विमान वाहक पोतका रूपमा नोभेम्बर 2013-मा भारतीय नौसेनामा शामेल गरिएको थियो।

---------------------------------------X---------------------------------------

- **VP Seminar**

उपराष्ट्रपति श्री जगदीप धनखड़ले भन्नुभयो, विकसित भारत अब सपना नभएर चुनौतीपूर्ण लक्ष्य हो अनि राष्ट्रले आफ्नो संकल्पबाट यसलाई प्राप्त गर्नेछ। श्री धनखड़ले आज नयाँ दिल्लीमा आयोजित सम्मेलनमा यो बयान दिनुभयो, जसको विषय छ विकसित भारत 2047: नयाँ भारत 3.0-को भिजन। यस अवसरमा उहाँले भन्नुभयो, भारतीय अर्थव्यवस्था र आधारभूत पूर्वाधार, डिजिटल आधारभूत पूर्वाधार र डिजिटल पहुँचको अन्तरराष्ट्रिय मुद्रा कोष (IMF), विश्व ब्याङ्क र विश्व आर्थिक मञ्चद्वारा प्रशंसा गरिँदैछ। उपराष्ट्रपतिले भन्नुभयो, IMF-अनुसार निवेश र अवसरका लागि भारत मनपर्दो गन्तव्य हो। उहाँले भन्नुभयो कि तन्त्रमा पारदर्शिता र जवाफदेहिता आउनका साथै पचास करोड़भन्दा अधिक मानिसहरूलाई छोटो अवधिमा ब्याङ्किङ प्रणालीसित जोड़िएको छ।

---------------------------------------X---------------------------------------

- **Ashwini Vaishnw-Gujarat**

रेल मन्त्री श्री अश्विनी वैष्णवले आज गुजरातको सूरतस्थित किममा बुलेट ट्रेन ट्र्याक स्लेब निर्माण एकाईको भ्रमण गर्दै यसको सञ्चालनबारे समीक्षा लिनुभयो। मिडियासित कुराकानी गर्दै उहाँले भन्नुभयो, यो देशमा सबैभन्दा ठूलो ट्रेन ट्र्याक स्लेब विनिर्माण एकाई हो। श्री वैष्णवले भन्नुभयो, आगामी वर्षमा यो एकाई देशमा भविष्यको विभिन्न निर्माण परियोजनाहरूका लागि धेरै लाभदायक सिद्ध हुनेछ।
रेल मन्त्रीले वडोदरा जिल्लाको लखोदरामा प्लासर इण्डियाको कारखानाको पनि भ्रमण गर्दै संयन्त्रमा विश्वको सबैभन्दा जटिल ट्र्याक रखरखाउ मसिनरीको कार्यको निरीक्षण गर्नुभयो।

---------------------------------------X---------------------------------------

- **Government Snakebite**

स्वास्थ्य मन्त्रालयले राज्य र केन्द्र शासितप्रदेशहरूसित साँपले ठुँगेको मामिला र यसबाट हुने मृत्युलाई राज्य लोक स्वास्थ्य अधिनियम र अन्य प्रावधानअन्तर्गत अधिसूचित रोगको श्रेणीमा रख्नु भनेको छ। केन्द्रिय स्वास्थ्य सचिव श्रीमती पुण्य सलिला श्रीवास्तवले सबै राज्य र केन्द्रशासित प्रदेशहरूका मुख्य सचिव र अतिरिक्त मुख्य सचिवलाई पत्र लेखेर यस कुरामाथि जोड़िएको छ कि साँपले ठुङ्नु गम्भीर चिन्ताको विषय हो।
उहाँले भन्नुभयो, साँपले ठुङ्दाको रोकथाम र नियन्त्रणका लागि राष्ट्रिय कार्य योजनाको शुरूवात गरिएको छ। यस योजनाअन्तर्गत 2030-सम्ममा यसबाट हुने मृत्युलाई आधा बनाउने लक्ष्य राखिएको छ।

---------------------------------------X---------------------------------------

- **EC Congress**

चुनाउ आयोगले भनेको छ, महाराष्ट्रमा सबै मतदान प्रक्रिया पारदर्शी थियो र कंग्रेस पार्टीद्वारा उठाइएका सबै मुद्दाको समीक्षा गरिनेछ। आयोगले कंग्रेसको चिन्तामाथि चर्चा गर्न तीन दिसम्बरमा कंग्रेस प्रतिनिधिमण्डललाई बोलाएको छ। आयोगले प्रक्रिया पारदर्शी भएको र प्रत्येक चरणमा उम्मेदवारहरू वा उनीहरूका एजेन्टहरूको सहभागिता रहेको कुरा दोहोऱ्याएको छ। आयोगले भनेको छ, सबै राजनीतिक दलहरूको सहभागिताका साथ एउटा पारदर्शी मतदाता सूची बनाइएको थियो।

चुनाउ आयोगले कंग्रेसद्वारा उठाएका सबै मुद्दाहरूको समीक्षा गर्नका साथै पार्टी प्रतिनिधिमण्डलको कुरा सुनेपछि लिखित जवाफ दिने भएको छ।

---------------------------------------X---------------------------------------

- **India Singapore Practice**

भारतीय सशस्त्र बल र सिंगापुरको सशस्त्र बलको संयुक्त सैन्य अभ्यास अग्नि योद्धा 2024 आज महाराष्ट्रको देवलालीमा सम्पन्न भयो। तीन दिनको यो अभ्यास अट्ठाइस नोभेम्बरदेखि शुरू भएको थियो। द्विपक्षीय अभ्यासको तेहऔं संस्करणमा सिंगापुर आर्टिलरीका एक सय बयासीजना कार्मीहरू र भारतीय सेनाको आर्टिलरी रेजिमेन्टका एक सय चौधजना कार्मीहरूले भाग लिए। अभ्यासको उद्देश्य संयुक्त राष्ट्र चार्टरअन्तर्गत एउटा बहुराष्ट्रिय बलका रूपमा एकजुटताको लक्ष्य प्राप्त गर्न अभ्यास र प्रक्रियाको आपसी समझलाई अधिक्तम स्तरसम्म पुऱ्याउनु थियो।

---------------------------------------X---------------------------------------

- **BJP-AAP**

भारतीय जनता पार्टीले आरोप लगाएको छ कि आम आदमी पार्टीका एकजना विधायक पार्टी प्रमुख श्री अरविन्द केजरीवालको स्वीकृतिमा जबरजस्ती वसूलीको धन्दा चलाइरहेछन्। आज नयाँ दिल्लीमा पार्टी प्रवक्ता श्री गौरव भाटियाले आरोप लगाउनुभयो कि आम आदमी पार्टी गुण्डा र बदमाशहरूको पार्टी बनेको छ। उहाँले एउटा अडियो क्लिपको रूपमा सबूत पनि पेश गर्नुभयो। श्री भाटियाले भन्नुभयो, आप विधायक बिल्डरहरूबाट पैसा वसूल्न ग्याङस्टरहरूसित काम गरिरहेछन्। दिल्ली भाजपा अध्यक्ष श्री वीरेन्द्र सचदेवाले भन्नुभयो, आम आदमी पार्टी विधायक विरूद्ध कानून प्रवर्तन एजेन्सिहरूद्वारा जाँच गरिनुपर्छ।

---------------------------------------X---------------------------------------

- **Haryana World AI Centre**

हरियाणाका मुख्यमन्त्री श्री नायब सिंह सैनीले भन्नुभयो, राज्यिमा विश्व ब्याङ्कको सहायताबाट चाड़ै एउटा विश्व कृत्रिम बुद्धिमता केन्द्र स्थापित गरिनेछ। मुख्यमन्त्रीले भन्नुभयो, यसबाट युवाहरूलाई कृत्रिम बुद्धिमता र आधुनिक प्रविधिको कौशल उपलब्ध गराउनमा सहयोग मिल्नेछ। श्री सैनीले भन्नुभयो, केन्द्रको स्थापनाबाट राज्यको प्राविधिक क्षमतालाई प्रोत्साहन मिल्नका साथै डिजिटल अर्थव्यवस्थाको विकासमा योगदान दिने क्षमता वृद्धि हुनेछ। उहाँले भन्नुभयो, यसबाट हरियाणाको अन्तरराष्ट्रिय स्तरमा कृत्रिम बुद्धिमताको क्षेत्रमा नवाचार र अनुसन्धान केन्द्रका रूपमा एउटा विशेष पहिचान बनिनेछ।

---------------------------------------X---------------------------------------

- **Sports**

ब्याडमिन्टनमा भारतीय खेलाड़ी र दुईपल्ट ओलम्पिक पदक विजेता PB सिन्धु सैयद मोदी भारत अन्तरराष्ट्रिय प्रतियोगितामा महिला एकलको फाइनलमा पुगेकी छन्। उनले आज लखनउमा हमवतन उन्नती हुड्डालाई हराइन्।
यसअघि, मिस्रित जोड़ीमा भारतका ध्रुव कपिला र तनिषा क्रास्टो जोउ जी हङ र योङ जी यीको चीनी जोड़ीलाई हराएर फाइनलमा प्रवेश भए।

---------------------------------------X---------------------------------------

प्रमुख समाचार पुनः एकपल्ट

- प्रधानमन्त्रीको उपस्थितिबीच ओडिशाको भुवनेश्वरमा पुलिस महानिदेशक र महानिरीक्षकहरूको सम्मेलन सम्पन्न
- वित्त मन्त्रीद्वारा झांझरपुरमा लाभार्थीहरूलाई ऋणको स्वीकृति पत्र हस्तान्तरण
- बंगाल खाड़ीको दक्षिण-पश्चिमस्थित चक्रवात फेङ्गल उत्तर-पश्चिम दिशा तर्फ बढ़्दै
- रक्षा मन्त्रालय र कोचीन शिपयार्ड लिमिटेडबीच समझौतामा हस्ताक्षर अनि
- उपराष्ट्रपतिले भन्नुभएको छ, विकसित भारत अब सपना नभएर चुनौतीपूर्ण लक्ष्य हो